# स्थानीय राजपत्र

## खैरहनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड (४) चितवन, श्रावण ०१, २०७७ साल अंक १

## भाग ३

**खैरहनी नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खैरहनी नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**संवत् २०७७ को कार्यविधि नं. १**

### खैरहनी नगरपालिकाको आर्थिक कार्य प्रणालीलाई व्यवस्थित गर्न बनेको कार्यविधि २०७५ लाई संशोधन गर्न बनेको कार्यविधि २०७७

स्थानीय राजपत्रमा प्रकाशित मिति :२०७७/०४/०१

**प्रस्तावना :** खैरहनी नगरपालिकाको आर्थिक कार्य प्रणालीलाई व्यवस्थित गर्न बनेको कार्यविधि २०७५ लाई समसामयिक सुधार गर्न उक्त कार्यविधिलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र

खैरहनी नगरपालिकाको सतचालिसौं कार्यपालिकाको बैठकले खैरहनी नगरपालिकाको आर्थिक कार्य प्रणालीलाई व्यवस्थित गर्न बनेको कार्यविधि २०७५ को दफा १७ को अधिकार प्रयोग गरी यो कार्यविधि बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम खैरहनी नगरपालिकाको आर्थिक कार्य प्रणालीलाई व्यवस्थित गर्न बनेको कार्यविधि २०७५ लाई संशोधन गर्न बनेको कार्यविधि २०७७ रहेकोछ ।

(२) यो कार्यविधि २०७७ श्रवाण १ गते देखी प्रारम्भ हुनेछ ।

२. **कार्यविधिको दफा ४ को खण्ड (१) मा संशोधन**

कार्यविधिको दफा ४ को खण्ड (१) को सट्टा देहायको खण्ड (१) राखिएकोछ ।

नगरसभा बैठकमा उपस्थित कर्मचारीहरुले नगरसभा सदस्यले पाए सरहको भत्ता पाउनेछन ।

३. **कार्यविधिको दफा ४ को खण्ड (२) मा संशोधन**

कार्यविधिको दफा ४ को खण्ड (२) को सट्टा देहायको खण्ड (२) राखिएकोछ ।

कार्यपालिका बैठकमा उपस्थित कर्मचारीहरुले कार्यपालिका सदस्यले पाए सरहको भत्ता पाउनेछन ।

४. **कार्यविधिको दफा ४ को खण्ड (३) (४) (५) (६) (७) मा संशोधन**

खण्ड (३) मा रहेको दैनिक ५००।- को सट्टा प्रति बैठक रु.१०००।- राखिएको छ ।

खण्ड (४) मा रहेको दैनिक रु. ५००।- को सट्टा प्रति बैठक रु.१०००।- राखिएको छ ।

खण्ड (५) मा रहेको दैनिक रु. ५००।- को सट्टा प्रति बैठक रु.१०००।- राखिएको छ ।

खण्ड (६) मा रहेको दैनिक रु. ५००।- को सट्टा प्रति बैठक रु.१०००।- राखिएको छ ।

खण्ड (७) मा रहेको बैठक भत्ता रु.५००।- को सट्टा प्रति बैठक भत्ता रु.१०००।- राखिएको छ ।

५. **कार्यविधिको दफा ४ को खण्ड (८) झिकिएको छ ।**

६. **कार्यविधिको दफा ४ को खण्ड (९) मा संशोधन**

..... बढीमा भन्ने शब्दको पछाडि **'सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गठीत समितिको बैठक बाहेक अन्य समितिमा विज्ञको रुपमा आमन्त्रीत सदस्यहरु बाहेक अन्य चार जना'** सम्म भन्ने शब्द राखिएकोछ ।

७. **कार्यविधिको दफा ४ को खण्ड (१०) मा संशोधन गरी निम्नानुसारको उपदफा (१०) राखिएकोछ**

नगर सभा, कार्यपालिका वा कुनै पनि समितको बैठक एकै दिन एकपटक भन्दा बढी पटक बस्ने भएमा यस कार्यविधि बमोजिम भत्ता रकम भुक्तानी गर्दा एक दिनमा एउटा बैठकको भत्ता रकम मात्र भुक्तानी दिइनेछ ।

यस उपदफामा जुनसुकै कुरा उल्लेख भएतापनि फरक फरक समितिको भत्ता रकम भुक्तानी गर्न यस उपदफामा उल्लेख भएको कुराले बाधा पर्नेछैन ।

८. **कार्यविधिको दफा ४ को खण्ड (११) मा संशोधन**

कार्यविधिको दफा ४ को खण्ड (११) को सट्टा देहायको खण्ड (११) राखिएकोछ ।

माथि उल्लेखित खण्ड (२) बमोजिमकाको कार्यपालिकाको बैठक वर्षको बाह्र पटक भन्दा बढी पटक बसेमा बाह्र पटक भन्दा बढी बैठकको बैठक भत्ता भुक्तानी गरिने छैन । माथि उल्लेखित खण्ड (४) र (५) बमोजिमका समितिको बैठक महिनामा दुई पटक भन्दा बढी पटक बसेमा बैठक भत्ता भुक्तानी गरिने छैन ।

९. **कार्यविधिको दफा ४ को खण्ड (१३) मा संशोधन**

खण्ड (१३) मा रहेको ..... गठन हुने समितिका पछि 'विपन्न परिवारको लागि निशुल्क उपचार तथा कानून बमोजिम गठित समितिका सदस्यहरुले' भन्ने शब्द थप गरिएको छ । सोही उपदफाको ..... बैठक भत्ता पाउने भए सोही निर्णयमा नै उल्लेख हुनु पर्नेछ भन्ने शब्दको सट्टा 'बैठक भत्ता वापत रु.१०००।- पाउने छन' भन्ने शब्द राखिएको छ ।

**१०. कार्यविधिको दफा ५ को खण्ड (२) को प्रतिबन्धातमक वाक्यांशमा संशोधन**

उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा .... व्यक्ति सम्झनु पर्दछ भन्ने शब्दको पछि 'तर प्रशिक्षकको रुपमा आमन्त्रित व्याक्ति जिल्ला बाहिरबाट ल्याउनु पर्ने भएमा लाग्ने यातायात खर्चको बिल अनुसारको रकम भुक्तानी दिन बाधा पर्ने छैन' भन्ने शब्द थप गरिएको छ ।

**११. कार्यविधिको दफा ६ को खण्ड (१) (२) (३) (४) (५) मा संशोधन**

खण्ड (१) मा रहेको

– अधिकृतस्तर रु. २०००।- को सट्टा रु.२,५००।- राखिएको छ ।

– सहायकस्तर रु. १५००।- को सट्टा रु.२,०००।- राखिएको छ ।

खण्ड (३) मा रहेको रु.१०००।- को सट्टा रु.१,५००।- राखिएको छ ।

खण्ड (४) मा रहेको रु.८००।- को सट्टा रु.१,०००।- राखिएको छ ।

**१२. कार्यविधिको दफा ७ को खण्ड (३) मा संशोधन**

खण्ड (३) मा रहेको (प्रति कार्यपत्र) रु.१,०००।- को सट्टा (प्रति कार्यपत्र) रु.१५००।- राखिएको छ ।

**१३. कार्यविधिको दफा ७ को खण्ड (६) पछि देहायको खण्ड (७) थप गरिएकोछ**

खण्ड (७) विभिन्न कानून तर्जुमा गर्दा कानूनको प्रतिवेदन तयारीको रु.३०००।-

**१४. कार्यविधिको दफा १३ को खण्ड (१) (२) (३) मा संशोधन**

**खण्ड** (१) मा रहेको प्रति कार्यक्रम रु. १,५००।-को सट्टा प्रति कार्यक्रम रु.२,५००।- राखिएकोछ

खण्ड (२) मा रहेको प्रति कार्यक्रम रु. २,०००।-को सट्टा प्रति कार्यक्रम रु.३,५००।- राखिएकोछ

खण्ड (३) मा रहेको प्रति कार्यक्रम रु. ३,०००।-को सट्टा प्रति कार्यक्रम रु.५,०००।- राखिएकोछ

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र